**अनुसूची-२**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १८ मिति : २०८३/०४/१५

**भाग-२**

# चुमनुब्री गाउँपालिका कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**चुमनुब्री गाउँपालिका**
**सिर्दिबास, गोरखा**
**गण्डकी प्रदेश**

चुमनुब्री गाउँपालिकाको आ.ब.०८३/८४ अन्तर्गत कृषि तथा पशु सम्बन्धि बजेट तथा कार्यक्रमको पारदर्शी, मितव्ययी, प्रभावकारी तथा नतिजामूखी तरिकाले कार्यान्वयन गर्न चुमनुब्री गाँउकार्यपालिकाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) को व्यवस्था अनुरुप कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यबिधि २०८३ बनाई कार्यन्वयनमा ल्याएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम " चुमनुब्री गाउँपालिका कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यबिधि", २०८३ रहेकोछ।

(२) यो कार्यविधि चुमनुब्री गाउँपालिकाको कार्यपालिका बाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. "गाँउपालिका" भन्नाले चुमनुब्री गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

ख. "कार्यपालिका" भन्नाले चुमनुब्री गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

ग. "कृषि विकास शाखा तथा पशु सेवा शाखा" भन्नाले चुमनुब्री गाउँपालिकाको कृषि/ पशु शाखालाई सम्झनुपर्छ।

घ. "समुह" भन्नाले चुमनुब्री गाउँपालिकाको कृषि विकास शाखामा दर्ता भएको वा सम्वन्धित निकायमा दर्ता भएका समुहलाई सम्झनुपर्छ।

ङ. "सहकारी" भन्नाले चुमनुब्री गाउँपालिकाको कृषि विकास शाखामा दर्ता भएको वा सम्वन्धित निकायमा दर्ता भएका सहकारीलाई सम्झनुपर्छ।

च. "कृषि तथा पशुपन्छी फर्म" भन्नाले चुमनुब्री गाउँपालिकाको कृषि विकास शाखा मा दर्ता भएको वा सम्वन्धित निकायमा दर्ता भएका कृषि तथा पशुपन्छी फर्मलाई सम्झनुपर्छ।

छ. "कृषक" भन्नाले खाद्यान्न, तरकारी, मौरीपालन,फलफूल, पशुपन्छी, माछा लगायतका कृषि तथा पशुपन्छीजन्य उत्पादन कार्यमा संलग्न व्यक्तिलाई सम्झनुपर्छ।

ज. "समिति" भन्नाले चुमनुब्री गाउँपालिकाको अनुदान प्रस्ताव मुल्याङ्कन समितिलाई सम्झनुपर्छ।

**३. उद्देश्य**

क. गाँउपालिकाबाट सञ्चालन हुने कृषि तथा पशुसेवा कार्यक्रम कार्यान्वयन तथा अनुदान बितरण प्रकृयालाई सरल, सहज, प्रभावकारी, निष्पक्ष, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने।

ख. कृषि तथा पशुपन्छी व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमुलक बनाउने।

ग. सेवा प्रवाहको प्रक्रियालाई छिटो, सहज, सरल र निष्पक्ष बनाउने।

घ. लाभग्राहीको छनोट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने।

## परिच्छेद २

## कृषि विकास शाखाको कार्यक्रम कार्य सञ्चालन प्रक्रिया

**४.वीउ वितरण कार्यक्रम:** (१) वीउ वितरण कार्यक्रम खाद्यान्न तथा रैथाने वालिहरुको वीउ अनुदानमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) वीउ वितरण कार्यक्रममा आवेदन संकलनका लागि अनुसुची ३ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषक समुह/ कृषि तथा पशु फर्म बाट अनुसूची ४ बमोजिम आवेदन संकलन, अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरि अनुसूची १ बमोजिम ७० प्रतिशत अनुदानमा विउ वितरण गरिनेछ।

(३) लागत साझेदारी वापत जम्मा भएको रकम गाउँपालिका विविध खातामा दाखिला गरी यसै कार्यक्रम कार्यान्वयनमा खर्च गरिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक वीउ/बेर्ना परिमाण समेत उल्लेख गर्नुपर्नेछ)।
- जग्गा धनी पूर्जा वा खेती योग्य जमिन रहेको अन्य प्रमाण

**५. रैथाने वाली परिकार तालिम:** (१) रैथाने खाद्यान्न बालीहरुको क्षेत्र विस्तार तथा उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि निशुल्क रुपमा रैथाने बालीको परिकार तथा विविधिकरण मार्फत सिप विकास गर्दै रोजगारी सृजना गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कृषक समुह सदस्य, कृषि फर्म सञ्चालक, आमा समुह सदस्य, महिला स्वास्थ्य स्वंयम सेविका लाई लक्षित गरि रैथाने बालिको खेति प्रविधि र खाद्य तथा पोषण सुरक्षामा रैथाने बालिको महत्व सम्बन्धि तालिम प्रदान गर्न सकिनेछ।

(३) स्थानिय होमस्टे संचालक, होटल व्यवसाय संचालक, आमा समुह सदस्यहरु, गर्भवति तथा सुत्केरी महिलाहरु र आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरि स्थानिय स्तरमा नै उपलब्ध रैथाने वाली मार्फत खाद्यान्नमा आधारित परिकार बनाउने सम्बन्धी तालिम संचालन गर्न सकिनेछ।

(४) उल्लेखित शिर्षकका तालिम सञ्चालनका लागि सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषि सहकारी/समुह/फर्म/कृषक बाट अनुसूची ५ बमोजिम आवेदन संकलन, अनुसुची

६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरी अनुसूची १ बमोजिम नि:शुल्क रुपमा तालिम प्रदान गरिनेछ।

(५) तालिमका लागी सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा प्रशिक्षण गरे बापतको पारिश्रमिक पाउने छैन, तर कार्यपत्र र दैनिक भ्रमण भत्ता बापतको प्रचलित नियमानुसार रकम पाउनेछ साथै बाह्य प्रशिक्षकको हकमा नियमानुसार प्रशिक्षक भत्ता र नियमानुसारको दैनिक भ्रमण भत्ता प्रदान गरिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (तालिममा सहभागि हुने समुह सदस्यहरुको नाम उल्लेख गर्नुपर्नेछ)।

(५) तालिमका लागी आवश्यक प्रयोगात्मक सामग्री र तालिमसँग सम्बन्धित खेतिका लागी आवश्यक विउविजन तथा सामग्री सहभागीहरुलाई निशुल्क प्रदान गरिनेछ।

(६) तालिम सहभागी कृषकहरुलाई खाजा, खाना, सहभागी भत्ता र आवासको व्यवस्था उपलब्ध गराउन सकिने छ।

(७) तालिमका लागी सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा प्रशिक्षण गरे बापतको पारिश्रमिक पाउने छैन, तर कार्यपत्र र दैनिक भ्रमण भत्ता बापतको प्रचलित नियमानुसार रकम पाउनेछ साथै बाह्य प्रशिक्षकको हकमा नियमानुसार प्रशिक्षक भत्ता र नियमानुसारको दैनिक भ्रमण भत्ता प्रदान गरिनेछ।

(८) तालिम सञ्चालनका लागि स्टेशनरी, व्यानर लगायतका अन्य सामग्रीमा खर्च गर्न सकिनेछ।

(९) तालिमको उद्घाटन तथा समापन समारोहमा जनप्रतिनिधि/कर्मचारी/अगुवा कृषकहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**६. यन्त्र उपकरण मर्मत तालिमः** (१) चुमनुव्री गाउँपालिका भित्रका कृषकहरुको कृषि यन्त्रउपकरण सम्बधी क्षमता अभिवृद्धि गरी कृषियोग्य जमिनको उत्पादन तथा उत्पादकत्व बढाउन, कृषकहरुको समय तथा लागत न्युनिकरण गर्दै कृषि क्षेत्रलाई आधुनिक एवम् व्यवसायिक रुपमा विकास गर्ने उद्देश्यले कार्यक्रम संचालन गर्न सकिनेछ।

**(२** तालिममा यस आ.ब. मा र गत आर्थिक बर्षहरुमा कृषि औजार खरिद तथा ढुवानी कार्यक्रमबाट अनुदान प्राप्त गरि कृषि उपकरणहरु प्रयोग गरिरहेका कृषक समुह/फर्म तथा कृषकहरुलाई प्राथमिकता दिईनेछ।

(३) यन्त्र उपकरण मर्मत तालिम सञ्चालनका लागि सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषि सहकारी/समुह/फर्म/कृषक बाट अनुसूची ५ बमोजिम आवेदन संकलन,अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरी अनुसूची १ बमोजिम नि:शुल्क रुपमा तालिम प्रदान गरिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (तालिममा सहभागि हुने समुह सदस्यहरुको नाम उल्लेख गर्नुपर्नेछ)।

(५) तालिमका लागी आवश्यक प्रयोगात्मक सामग्रीहरु सहभागीहरुलाई निशुल्क प्रदान गरिनेछ।

(६) तालिम सहभागी कृषकहरुलाई खाजा, खाना, सहभागी भत्ता र आवासको व्यवस्था उपलब्ध गराउन सकिने छ।

(७) तालिमका लागी सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा प्रशिक्षण गरे बापतको पारिश्रमिक पाउने छैन, तर कार्यपत्र र दैनिक भ्रमण भत्ता बापतको प्रचलित नियमानुसार रकम पाउनेछ साथै बाह्य प्रशिक्षकको हकमा नियमानुसार प्रशिक्षक भत्ता र नियमानुसारको दैनिक भ्रमण भत्ता प्रदान गरिनेछ।

(८) तालिम सञ्चालनका लागि स्टेशनरी, ब्यानर लगायतका अन्य सामग्रीमा खर्च गर्न सकिनेछ।

(९) तालिमको उद्घाटन तथा समापन समारोहमा जनप्रतिनिधि/कर्मचारी/अगुवा कृषकहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**७.माटो परिक्षण कार्यक्रम:** (१) चुमनुब्री गाउँपालिका भित्र रहेको खेतियोग्य जमिनको उर्वराशक्ती प्राङगारिक र जैविक पदार्थहरुको अवस्था पत्ता लगाई उत्पादन तथा उत्पादकत्व बढाउन माटोको नमुना संकलन गरी माटो व्यवस्थापन सम्बन्धि तालिम सहित माटो परिक्षण शिविर निःशुल्क रुपमा सञ्चालन गर्न सकिनेछ।

(२) माटो परिक्षणका लागि आवश्यक सामग्री, तालिम सञ्चालन, माटो परिक्षण शिविरमा सहभागी हुने प्राविधिक तथा सहयोगीहरुलाई नियमानुसारको दैनिक भ्रमण भत्ता, माटो परिक्षण पश्चात माटोको अवस्था हेरी कृषि चुन, जिप्सम लगायतका अन्य सामग्री खरिद तथा वितरण गर्न सकिनेछ।

**८.कृषि औजार अनुदानमा वितरण कार्यक्रम:** (१) आधुनिक कृषि यन्त्र उपकरणको प्रयोग गरी कृषि कार्यलाई सजिलो र प्रविधियुक्त बनाई उत्पादनमा बृद्धि तथा कृषि औजार/सामग्रीको प्रयोगमा कृषकको पहुँच बढाउने हेतुले कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कृषि औजार खरिद तथा ढुवानी कार्यक्रमका लागि आवेदन संकलनका अनुसुची ३ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषक समुह/ कृषि तथा पशु फर्म बाट अनुसूची ४ बमोजिम आवेदन संकलन, अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरि अनुसूची १ बमोजिम ६० प्रतिशत अनुदानमा कृषि औजार तथा मेसिन वितरण गरिनेछ।

(३) लागत साझेदारी वापत जम्मा भएको रकम गाउँपालिका विविध खातामा दाखिला गरी यसै कार्यक्रम कार्यान्वयनमा खर्च गरिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक सामग्रीको नाम तथा परिमाण समेत उल्लेख गर्नुपर्नेछ)।

**९.बालि उपचार शिविर**: (१) कृषकहरुका बालीमा देखिएका रोग, किरा तथा अन्य समस्याको सहि पहिचान तथा व्यवस्थापनको लागि बालि उपचार शिविर सञ्चालन गरिनेछ।

(२) शिविरमा देखिएका रोग, किरा तथा अन्य समस्याको व्यवस्थापनका लागि कृषकलाई जैविक बिषादि तथा सामग्री वितरण तथा सिफारिस गरिनेछ।

(३) बाली उपचार शिविर सञ्चालनका लागि आवश्यक सामग्री, बाली उपचार शिविरमा सहभागी हुने प्लान्ट डाक्टर, प्राविधिक तथा सहयोगीहरुलाई नियमानुसारको शिविर सञ्चालन भत्ता तथा दैनिक भ्रमण भत्ता, शिविर सञ्चालन कर्ताको खाजा, शिविरमा देखिएका कृषकका समस्या व्यवस्थापनका लागि निशुल्क जैविक विषादि लगायतका अन्य सामग्री खरिद तथा वितरण गर्न सकिनेछ।

(४) कुनै क्षेत्रमा आकस्मिक रुपमा रोग, किरा तथा अन्य समस्याको फैलावट भएमा त्यस क्षेत्रमा शिविर सञ्चालन गर्न सकिनेछ तथा व्यवसायिक रुपमा फलफुल खेति. तरकारी खेति, खाद्यान्न बाली खेति गर्ने कृषकहरुलाई लक्षित गरी शिविर सञ्चालन गर्नुपर्नेछ।

**१०.कृषि तालिम:** (१) कृषि तालिम कार्यक्रम तपशिलमा उल्लेखित शिर्षकहरुमा सञ्चालन गर्न सकिनेछ:

तपशिल:

| क्रस. | शिर्षक | अवधि |
|---|---|---|
| १ | तरकारी खेतिमा नर्सरी व्यवस्थापन सम्बन्धी तालिम | २ दिन |
| २ | तरकारी खेती(मौसमीबेमौसमी/) सम्बन्धी तालिम | ३ दिन |
| ३ | स्याउ/ दाते ओखर खेति प्रविधि सम्बन्धी तालिम | ३ दिन |
| ४ | आई.पि.एम. पाठशाला सम्बन्धी तालिम | २ दिन |
| ५ | मौरीपालन व्यवसाय प्रवर्द्धन सम्बन्धी तालिम | ५ दिन |
| ६ | कृषक समुहकृषि फर्म सञ्चालन तथा व्यवस्थापन/ सम्बन्धीतालिम | ३ दिन |
| ७ | जैविक विषादि निर्माण सम्बन्धी तालिम | ३ दिन |
| ८ | जलवायु परिवर्तन अनुकुलन तथा न्युनिकरण सम्बन्धी तालिम | ३ दिन |

(२) उल्लेखित शिर्षकका तालिम सञ्चालनका लागि सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषि सहकारी/समुह/फर्म/कृषक बाट अनुसूची ५ बमोजिम आवेदन संकलन, अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरी अनुसूची १ बमोजिम नि:शुल्क रुपमा तालिम प्रदान गरिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (तालिममा सहभागि हुने समुह सदस्यहरुको नाम उल्लेख गर्नुपर्नेछ)।

(३) कृषक समुह/कृषि फर्म सञ्चालन तथा व्यवस्थापन तालिममा चुमनुब्री गाउँपालिका तथा अन्य सम्बन्धित निकायमा दर्ता भएका कृषक समुह/कृषि फर्मले मात्र तालिमका लागि आवेदन पेश गर्न सक्नेछन् र समुहको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र वढीमा ३ जना सदस्य गरि जम्मा ७ जना प्रति समुह बाट तालिममा सहभागी गराईनेछ।

(५) तालिमका लागी आवश्यक प्रयोगात्मक सामग्री र तालिमसँग सम्बन्धित खेतिका लागी आवश्यक विउविजन तथा सामग्री सहभागीहरुलाई निशुल्क प्रदान गरिनेछ।

(६) तालिम सहभागी कृषकहरुलाई खाजा, खाना, सहभागी भत्ता र आवासको व्यवस्था उपलब्ध गराउन सकिने छ।

(७) तालिमका लागी सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा प्रशिक्षण गरे बापतको पारिश्रमिक पाउने छैन, तर कार्यपत्र र दैनिक भ्रमण भत्ता बापतको प्रचलित नियमानुसार रकम पाउनेछ साथै बाह्य प्रशिक्षकको हकमा नियमानुसार प्रशिक्षक भत्ता र नियमानुसारको दैनिक भ्रमण भत्ता प्रदान गरिनेछ।

(८) तालिम सञ्चालनका लागि स्टेशनरी, व्यानर लगायतका अन्य सामग्रीमा खर्च गर्न सकिनेछ।

(९) तालिमको उद्धाटन तथा समापन समारोहमा जनप्रतिनिधि/कर्मचारी/अगुवा कृषकहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**११. कृषक पोषण पाठशाला**: (१) चुमनुब्री गाउँपालिका भित्र कृषक/कृषि समुह/सहकारी फर्महरुका सदस्य, किशोर,किशोरी, गर्भवती महिला, सुनौलो १००० दिनका बालबालिकको आमा,दलित, अपाङग, ४ रोपनी भन्दा कम जमिन भएका कृषक, आर्थिक रुपमा विपन्न कृषकहरुलाई कृषिमा प्रमाणित भएका उन्नत प्रविधिहरु सहभागितामुलक रुपमा कृषि प्रसार मार्फत सहजकर्ताको माधयमबाट कृषकहरुमा जानकारी तथा चेतना जगाउने उद्देश्यले कार्यक्रम संचालन गर्न सकिनेछ।

(२) कृषक पोषण पाठशाला सहजिकरण म्यानुअल २०८२ र गण्डकी प्रदेश सरकार कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालयले जारी गरेको आई.पि.एम. कृषक पाठशाला संचालन नर्मस् २०८१ बमोजिम कार्यक्रम सञ्चालन गर्न गरिनेछ।

**१२. मौरिपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम**: (१) चुमनुब्री गाउँपालिका भित्र जैविक विविधताको संरक्षण,वालिनालिमा परागसेचन प्रक्रिया मार्फत कृषि पेशमा आवद्ध कृषकहरुको उत्पादन तथा उत्पादकत्व बढाई खाद्यसुरक्षामा टेवा पुर्याउदै,मौरिपालन व्यवसाय मार्फत रोजगारी सृजना गरी गुणस्तरिय जिवनयापन गर्ने उद्देयले कार्यक्रम संचालन गर्न सकिनेछ।

(२) मौरिपालन व्यवसाय प्रवर्द्धन कार्यक्रममा आवेदन संकलनका अनुसुची ३ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषक समुह/ कृषि तथा पशु फर्म बाट अनुसूची ४ बमोजिम आवेदन संकलन, अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गर्ने।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक मौरी गोला सहितको घार तथा अन्य सामग्रीको परिमाण समेत उल्लेख गर्नुपर्नेछ)।

- कार्यक्रम सञ्चालनको कार्ययोजना सहितको प्रस्तावना

(३) छनोटमा परेका कृषि सहकारी/समुह/फर्म/कृषकले अनुसूची १ बमोजिम ७० प्रतिशत अनुदानमा अनुसूची ७ बमोजिम सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(४) यस कार्यक्रममा सहभागी हुने कृषक समुहको हकमा कम्तिमा १५ मौरी गोला सहितको घार, कृषि फर्मको हकमा कम्तिमा ५ मौरी गोला सहितको घार र व्यक्तिगत कृषकको हकमा कम्तिमा ३ मौरी गोला सहितको घार खरिदको सम्झौता गर्नुपर्ने छ।

(५) समितिले लाभग्राहीको फिल्ड अनुगमन गर्न सक्नेछ।

(६) कृषि प्राविधिक बाट कार्य सम्पन्न मुल्याङ्कन गरे पश्चात मात्रै मुल्याङ्कन बमोजिमको भुक्तानी दिईनेछ।

**१३.धैचा(हरियो मल) को वीउ वितरण कार्यक्रमः** (१) कृषि योग्य जमिनको उर्वराशक्ती बढाई उत्पादन तथा उत्पादकत्वमा वृद्धी गर्न माटोको परिक्षण गरेका कृषक समुह/सहकारी फर्महरुको लागी शतप्रतिशत अनुदानमा धैचा (हरियो मल) को वीउ निःशुल्क वितरण गरिनेछ।

(२) कार्यक्रम कार्यन्वयनमा खटिने प्राविधिक तथा सहयोगीहरुलाई नियमानुसारको दैनिक भ्रमण भत्ता, लगायतका माटोको गुणस्तर बढाउने विभिन्न किसिमका भिटामिन, हर्मोन लगायत अन्य सामग्री खरिद तथा वितरणमा खर्च गर्न सकिनेछ।

(३) धैचा(हरियो मल) को वीउ वितरण पश्चात प्राविधिकहरुले अनुगमन गरी पृष्ठपोषण सहित प्रतिवेदन तयार गर्नुपर्नेछ।

**१४.क्रप कटिङ कार्यक्रमः** (१)चुमनुव्री गाउँपालिका भित्र खेतियोग्य जमिनको क्षेत्रफलमा मौसम अनुसार खेति गरिने विभिन्न खाद्यान्न, रैथाने,फलफुल,तरकारीहरुको उत्पादन तथा उत्पादकत्वबारे डाटा संकलन गर्न कार्यक्रम संचालन गर्न सकिनेछ।

(२) कार्यक्रम संचालन गर्दा खाद्यान्न, रैथाने तरकारी वालीहरुमा १० बर्ग मिटर क्षेत्रफल र फलफुल वालिमा वालि टिप्दा खेती फिल्डमा गई बोटको उमेर अनुसार फलको पटक/पटक तौल लिई कृषि प्राविधिकहरुले डाटा संकलन गर्नुपर्नेछ।

(३) क्रप कटिङ गर्दा क्षति हुने वालिको क्षतिपुर्ति स्वरुप कार्यक्रममा सहभागी हुने कृषकहरुलाई कर बाहेक न्युनतम् रु ५०० ।– (अक्षेरुपी पाँच सय रुपैया) मात्र उपलब्ध गराउन सकिनेछ।

(४) कार्यक्रम कार्यन्वयनमा खटिने प्राविधिक तथा सहयोगीहरुलाई नियमानुसारको दैनिक भ्रमण भत्ता, लगायत (ग्लास फाईवर- टेप) तौल मेसन, झोला, कैची,प्लाष्टिक लगायत अन्य आवश्यक सामाग्री खरिद गरी प्रयोग गर्न सकिनेछ।

**१५.तरकारी वीउ वितरण कार्यक्रम**: (१) चुमनुब्री गाउँपालिका आर्थिक रुपमा विपन्न दलित अल्पसंख्यक कम जमिन भएका कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न हरियो तरकारी उपभोग गर्ने बानिको विकास गर्दै पोषण सुरक्षामा योगदान पुर्याउने उद्देश्यले कार्यक्रम संचालन गर्न सकिनेछ।

(२) गाउँपालिका भित्रका कृषक, कृषि फर्म,समुह, समुहकारीहरुका सदस्यहरुलाई मौसम अनुसार उपयुक्त वाली सिफारिस जात/क्षेत्र उत्पादन बढि हुने रोग किरा कम लाग्ने प्राविधिक रुपले उपयुक्त तरकारी वालिको विभिन्न जातहरु तथा तरकारी वालिको बर्खे र हिँउदे गरी दुई सिजनल वालिहरुको वीउ खरिद गर्न सकिनेछ।

(३) वीउ वितरण कार्यक्रममा आवेदन संकलनका लागि अनुसुची ३ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषक समुह/ कृषि तथा पशु फर्म बाट अनुसूची ४ बमोजिम आवेदन संकलन, अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरि अनुसूची १ बमोजिम १०० प्रतिशत अनुदानमा वीउ वितरण गरिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक वीउ/बेर्ना परिमाण समेत उल्लेख गर्नुपर्नेछ)।
- जग्गा धनी पूर्जा वा खेती योग्य जमिन रहेको अन्य प्रमाण

**१६.वृक्षारोपण कार्यक्रम:** (१) गाउँपालिका भित्र जाने बाढी/पहिरो/ भुःक्षय नियन्त्रण गर्न खालि तथा बाझो रहेको जमिनलाई हरियाली बनाउँन, विभिन्न जडिबुटिहरुलाई संरक्षण गर्न,स्थानिय वासिन्दाहरुलाई सुरक्षित जिवनयापन गर्न सहयोग पुर्याउने उद्देश्यले कार्यक्रम संचालन गर्न सकिनेछ।

(२) गाउँपालिका भित्रका कृषक, समुह/सहकारी फार्म आमा समुह सरकारी कार्यालय, संघसंस्थाहरुसंग समन्वय गरि पहिरो/ भुःक्षय नियन्त्रण गर्न फलफुल, डाले घाँस, रुख, बुट्यानहरुको विरुवा खरिद गरी निःशुल्क रुपमा बाँझो रहेको जमिनमा सामुहिक वृक्षारोपण गर्न सकिनेछ।

(३) बाँझो रहेको जमिनमा सामुहिक रुपमा वृक्षारोपण गर्ने कार्यक्रममा सहभागीहरुलाई चिया तथा खाजा व्यवस्था गर्न सकिनेछ।

## परिच्छेद ३
## पशु सेवा शाखाको कार्यक्रम कार्य सञ्चालन प्रक्रिया

**१७. औषधी खरदि;** (१) गाउँपालिकाका भित्र पशुपन्छिमा लाग्ने बिभिन्न किसिमका रोग नियन्त्रण, उपचार तथा रोकथामका लागि निशुल्क औषधि बितरण गर्न यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
(२) औषधि नि:शुल्क वितरण गर्दा भरपाई अनिवार्य गराउन सकिनेछ। ।

**१८. घुम्ति गोठ सामाग्री वितरण कार्यक्रम**; (१) गाउँपालिका भित्र उच्च पहाडी तथा हिमाली क्षेत्रमा संचालित व्यवसायिलाई संरक्षण र प्रवर्द्धन गर्न,गोठालाको सुरक्षा ,पशुपालनको उत्पादकत्व तथा चरण व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
(२) घुम्ति गोठ सामाग्री वितरण कार्यक्रममा आवेदन संकलनका लागि अनुसुची ३ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषक समुह/ कृषि तथा पशु फर्म बाट अनुसूची ४ बमोजिम आवेदन संकलन,अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरि अनुसूची १ बमोजिम ७० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषक समुह/ पशु तथा फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषक समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक घुम्ति गोठ सामग्रीको परिमाण समेत उल्लेख गर्नुपर्नेछ)।

**१९. आकास्मिक रोग नियान्त्रण कार्यक्रम;** (१) पशुपन्छीमा आकास्मिक रुपमा देखिने रोगको रोकथाम तथा उपचार गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
(२) रोगको सुचना प्रप्त भएपछि पशु प्राविधिक टोलिलाई तत्काल परिचालन गर्न सकिनेछ।
(३) आवश्यक नमुना संकलण,तथा सम्प्रेषण गरि तुरुन्त नजिकको प्रयोगशालामा नमुना पठाई परिक्षाण गरि रोगको पहिचान गर्न सकिनेछ।
(४) रोगको फैलावट हुन नदिन खोप,औषधि,डिसइन्फेक्सन तथा जैविक सुरक्षा सम्बन्धि कार्य सञ्चालन गर्न सकिनेछ।
(५) रोगको फैलावट नियान्त्रण गर्न आवश्यक निर्देशन तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
(६) कार्यक्रम सञ्चालनका लागि निःशुल्क रुपमा औषधि खरिद तथा बितरण गर्न सकिनेछ।
(७) कार्यक्रम कार्यन्वयनमा खटिने प्राविधिक तथा सहयोगीहरुलाई नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ।

**२०. निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम;** (१) गाउँपालिका भित्र भौगोलिक विकटताको कारण प्रत्येक वडामा पशु प्राविधिक जनशक्ति खटाउन असम्भव रहेकोले कृषकले पालन गरेका पशुपन्छीको निःशुल्क शारीरिक परिक्षण,रोगको उपचार,औषधि बितरण, परामर्श तथा सचेतना उपलब्ध गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) गाउँपालिकाको कार्यपालिकाले तोकेको स्थानमा यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**२१.बंगुर विकास कार्यक्रम;** (१) गाउँपालिका भित्रका वंगुर पालन व्यवसायलाई व्यवस्थित ,व्यवसायीक तथा उत्पादनमुखी बनाई कृषकको आयआर्जन वृद्धि,मासु उत्पादन वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) बंगुर विकास कार्यक्रममा आवेदन संकलनका लागि अनुसुची ३ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषक समुह/ कृषि तथा पशु फर्म बाट अनुसूची ४ बमोजिम आवेदन संकलन , अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरि अनुसूची १ बमोजिम ७० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषक समुह/ पशु तथा फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषक समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक बंगुरका पाठापाठीको परिमाण समेत उल्लेख गर्नुपर्नेछ)।

(३) छनोटमा परेका प्रति कृषि/कृषक समुह/फर्म/ लाई २ वटा पाठी र १ वटा पाठा वितरण गर्न सकिनेछ।

**२२. प्रजननका लागि बोका/थुमा वितरण कार्यक्रम;** (१) गाउँपालिका भित्रका भेडा/बाख्रा पालन व्यवसायलाई व्यवस्थित,व्यवसायीक तथा उत्पादनमुखी बनाई कृषकको आयआर्जन वृद्धि,मासु उत्पादन वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) प्रजननका लागि बोका/थुमा वितरण कार्यक्रममा आवेदन संकलनका लागि अनुसुची ३ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषक समुह/ कृषि तथा पशु फर्म बाट अनुसूची ४ बमोजिम आवेदन संकलन, अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरि अनुसूची १ बमोजिम ७० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषक समुह/ पशु तथा फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।

- कृषक समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक बोका/थुमा को परिमाण समेत उल्लेख गर्नुपर्नेछ)।

(३) छनोटमा परेका प्रति कृषि/कृषक समुह/फर्म/ लाई १/१ वटा बोका/थुमा वितरण गर्न सकिनेछ।

**२३. डाँले तथा भुई घाँस वितरण कार्यक्रम;** (१) गाउँपालिका भित्रका पशुपालक कृषकलाई हरियो घाँसको उपलब्धता वृद्धि गर्न,डाँले घाँस तथा भुई घाँसको उत्पादन र विस्तार,पशु आहारको लागत घटाई उत्पादन लागत कम गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) डाँले तथा भुई घाँस वितरण कार्यक्रममा आवेदन संकलनका लागि अनुसुची ३ बमोजिम प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित कृषक समुह/ कृषि तथा पशु फर्म बाट अनुसूची ४ बमोजिम आवेदन संकलन, अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरि अनुसूची १ बमोजिम १०० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषक समुह/ पशु तथा फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषक समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक डाँले तथा भुई घाँस को परिमाण समेत उल्लेख गर्नुपर्नेछ)।

**२४.व्यवसायिक पशुपालन तालिम:** (१) व्यवसायीक पशुपालन तालिम सञ्चालनका लागि सूचना प्रकाशन गरी देहायमा उल्लेख भएका कागजात सहित पशु पालक कृषि सहकारी/समुह/फर्म/कृषक बाट अनुसूची ५ बमोजिम आवेदन संकलन, अनुसुची ६ बमोजिमको विवरण भरि अनुसूची २ बमोजिमको समितिले आवेदन छनोट गरी अनुसूची १ बमोजिम नि:शुल्क रुपमा तालिम प्रदान गराउन सकिनेछ।

(२) व्यवसायीक पशुपालन तालिम सञ्चालन गर्न सकिनेछ।

**आवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (तालिममा सहभागि हुने समुह सदस्यहरुको नाम उल्लेख गर्नुपर्नेछ)।

(३) तालिमका लागी आवश्यक प्रयोगात्मक सामग्री र तालिमसँग सम्बन्धित पशुपालन व्यवसायीको लागी आवश्यक vitamin, Minerls, Lever tonic,जुकाको औषधि तथा सामाग्री सहभागीहरुलाई निशुल्क प्रदान गरिनेछ।

(४) तालिम सहभागी कृषकहरुलाई खाजा, खाना, सहभागी भत्ता र आवासको व्यवस्था उपलब्ध गराउन सकिने छ।

(५) तालिमका लागी सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा प्रशिक्षण गरे बापतको पारिश्रमिक पाउने छैन, तर कार्यपत्र र दैनिक भ्रमण भत्ता बापतको प्रचलित नियमानुसार रकम पाउनेछ साथै बाह्य प्रशिक्षकको हकमा नियमानुसार प्रशिक्षक भत्ता र नियमानुसारको दैनिक भ्रमण भत्ता प्रदान गरिनेछ।

(६) तालिम सञ्चालनका लागि स्टेशनरी, ब्यानर लगायतका अन्य सामग्रीमा खर्च गर्न सकिनेछ।

(७) तालिमको उद्धाटन तथा समापन समारोहमा जनप्रतिनिधि/कर्मचारी/अगुवा कृषकहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**२५.जुनोटिक रोग नियान्त्रणको लागि विद्यालय शिक्षा कार्यक्रम**: (१) गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययानरत विद्यार्थीहरुलाई जुनोटिक रोग नियन्त्रण,रोकथाम उपचार सम्वन्धि सचेतनामुलक कार्यक्रम गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) होडिङ बोर्ड,बुकलेट,पम्पलेट छपाई खरिद गरी निःशुल्क रुपमा बितरण गर्न सकिनेछ ।

(३) सचेतनामा सहभागी विद्यार्थीलाई खाजा, खानाको व्यवस्था उपलब्ध गराउन सकिने छ।

(४) सचेतनाका लागी सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा प्रशिक्षण गरे बापतको पारिश्रमिक पाउने छैन, तर कार्यपत्र र दैनिक भ्रमण भत्ता बापतको प्रचलित नियमानुसार रकम पाउनेछ साथै बाह्य प्रशिक्षकको हकमा नियमानुसार प्रशिक्षक भत्ता र नियमानुसारको दैनिक भ्रमण भत्ता प्रदान गरिनेछ।

(५) सचेतनाका लागि स्टेशनरी, ब्यानर लगायतका अन्य सामग्रीमा खर्च गर्न सकिनेछ।

(६) सचेतनाको उद्धाटन समारोहमा जनप्रतिनिधि/कर्मचारी/शिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**२६. कुकुर वन्ध्याकरण कार्यक्रम;** (१) गाउँपालिका भित्रका जंगलि/सामुदायीक/ छाडा कुकुरको अनियन्त्रित वृद्धि नियन्त्रण,रेविज रोगको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) यो कार्यक्रम जिल्ला भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गोरखा, मनास्लु संरक्षाण क्षेत्र आयोजना तथा अन्य संघ सस्था कार्यालय संग लागत साझेदारीमा सहकार्य गरि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(३) साझेदार संस्थाले सार्वजानिक सुचना,विशेषज्ञ पशु चिकित्सक, प्राविधिक टोलि परिचालन गरि प्रत्येक टोलमा यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(४) जिम्मेवार संस्थाले सम्झौता बमोजिमका सम्पुर्ण कार्य सम्पन्न गरि विल, भरपाई, फोटो प्रतिवेदन तथा यस पालिकाको अनुगमन पश्चात भुक्तानी गर्न सकिनेछ।

## परिच्छेद: ४
## विविध

**१२. बाधा अड्काउ फुकाउने अधिकार;** (१) यो कार्यविधि कार्यान्वयनको सिलशिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

**१३. खारेजी**: (१) चुमनुब्री गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२, खारेज गरिएको छ।

**१४. बचाउ**: (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस अघि गाउँपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूचीहरु

## अनुसूची-१

(परिच्छेद २ को दफा(उपदफा) ४(२), ५(४), ६(३), ७(१), ८(२), ९(३),१०(२), ११(८) ,१२(२) १३(१), १४(३),१५(३),१६(२),१७(१),१८(३),१९(४),२०(३), २२(३),२३(३),२४(३),२५(१),२६(२),२७(४)सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिकाको कृषि तथा पशु सेवा कार्यक्रमको अनुदान विवरण

| क्रस. | कार्यक्रमको नाम | अनुदान प्रतिशत |
|---|---|---|
| १ | विउ वितरण कार्यक्रम | ७० % |
| २ | रैथाने वाली परिकार तालिम | १०० % |
| ३ | यन्त्र उपकरण मर्मत तालिम | १०० % |
| ४ | माटो परिक्षण कार्यक्रम | १०० % |
| ५ | कृषि औजार अनुदानमा वितरण कार्यक्रम | ६० % |
| ६ | बाली उपचार शिविर | १०० % |
| ७ | कृषि तालिम | १०० % |
| ८ | कृषक पोषण पाठशाला | १०० % |
| ९ | मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | ७० % |
| १० | धैचा(हरियो मल) को वीउ वितरण कार्यक्रम | १०० % |
| ११ | क्रप कटिङ कार्यक्रम | १०० % |
| १२ | तरकारी वीउ वितरण कार्यक्रम | १०० % |
| १३ | वृक्षारोपन कार्यक्रम | १०० % |
| १४. | औषधि खरिद | १०० % |
| १५. | घुम्तिगोठ सामाग्री वितरण कार्यक्रम | ७०% |
| १६. | आकास्मिक रोग नियान्त्रण कार्यक्रम | १००% |
| १७. | निशुल्क पशु स्वास्थ्य शिविर | १००% |
| १८ | बंगुर विकास कार्यक्रम | ७० % |
| १९. | प्रजनन् का लागि बोका/थुमा वितरण कार्यक्रम | ७० % |
| २०. | डाँले तथा भुई घाँस वितरण कार्यक्रम | १००% |
| २१. | व्यवसायिक पशुपालन तालिम | १०० % |
| २२. | जुनोटिक रोग नियान्त्रणको लागि विद्यालय शिक्षा कार्यक्रम | १०० % |
| २३. | कुकुर वन्ध्याकरण कार्यक्रम | १०० % वा सम्झौता बमोजिम |

अनुसूची- २

(परिच्छेद २ को दफा (उपदफा ४(२), ८(२), १०(२), १२(२), १८(३), २१(५),२२(३),२३(३),२४(३),२५(१) सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिकाको कृषि अनुदान प्रस्ताव मुल्याँङ्कन समिति

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ३. प्रमुख, प्रशासन शाखा | सदस्य |
| ४. प्रमुख, कृषि/पशु विकास शाखा | सदस्य सचिव |

- यस समितिले आवश्यकता अनुरुप सम्बन्धित विज्ञशाखा प्रमुख/लाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।
- यस समितिले कृषि/पशु सेवा कार्यक्रम सञ्चालन तथा लाभग्राही छनोटका लागी बैठक बसी आवश्यक निर्णय लिन सक्नेछ।

**चुमनुब्री गाउँपालिकाको कृषि/पशु सेवा कार्यक्रमका लागी परेका आवेदनहरुको मुल्याँङ्कन देहाय बमोजिम गरिनेछ-**

- माग गरिए बमोजिमको आवश्यक न्युनतम कागजपत्र पेश नगर्ने आवेदकलाई मुल्याङ्कनमा समावेश गरिने छैन।
- कृषि सहकारी, कृषक समुह, कृषि फर्म, व्यक्तिगत कृषकको आवेदनलाई लाभग्राही छनोट प्रकृयामा क्रमश प्राथमिकतामा दिईनेछ।
- कार्यक्रमको स्रोत भन्दा बढी माग आएको खण्डमा सम्भाव्यता(बालि विषेश र उत्पादन), लक्षित क्षेत्र र वर्गको आवश्यकताको प्राथमिकताको आधारमा कार्यक्रममा छनोट गरिनेछ।
- चुमनुब्री गाउँपालिकाको कृषि विकास कार्यक्रम अन्तर्गतका अन्य कुनै कार्यक्रममा सहभागी भईसकेका वा अघिल्ला आ.व. मा लाभान्वित भईसकेका कृषक समुह, कृषि फर्म, व्यक्तिगत कृषकलाई कार्यक्रममा समावेश गर्ने वा नगर्ने भनि कार्यक्रम अनुसारको सम्भाव्यता/औचित्यताको मुल्याङ्कन गरी समितिले छनोट गर्न सक्नेछ।

अनुसूची-३

(परिच्छेद २ दफा ४,८,१२,१८,२२,२३,२४ को उपदफा (२) सँग सम्बन्धित

**प्रस्ताव आव्हान सम्बान्ध सुचना**

**प्रथम पटक सुचना प्रकाशित मितिः**

**सूचना । सूचना।। सूचना।।।**

यस चुमनुव्री गाउँपालिकाको आ व २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम सञ्चालन गरिने भएको हुँदा यस गाउँपालिका भित्रका इच्छुक पशुपालक कृषक/कृषक समुह/कृषि सहकारि/समिति/कृषि तथा पशुपन्छी फर्म/कृषि तथा पशुपालन समितिवाट कार्यक्रम कार्यन्वयन गर्न निवेदन दिनको लागि यो सुचना प्रकाशित गरिएको छ ।यो सुचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३.......... गते भित्र तपशिल बमोजिमका कागजात संलग्न गरि कृषि/पशु सेवा शाखामा पेश गर्नुहुन अनुरोध छ ।साथै रित नपुगेका र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र स | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | | | कार्यक्रमको मापदण्ड | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | अनुदान | साझेदारी | जम्मा | | |
| | | | | | | | |
| | | | | | | | |

- निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु –

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

२) पशुपालक कृषक/कृषक समुह/कृषि सहकारि/समिति/कृषि तथा पशुपन्छी फर्म/कृषि तथा पशुपालन समितिको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र ।

३) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

४) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपी।

५) कृषक समुह/कृषि सहकारि/समिति/कृषि तथा पशुपन्छी फर्म/कृषि तथा पशुपालन समितिको हकमा कार्यसमितिको वैठकले अनुदान माग गरेको निर्णयको प्रतिलिपी।

नोटः प्रस्ताप पत्र/ निवेदनको ढाँचा र कृषक विवरणको ढाँचा कृषि/पशु सेवा शाखामा प्राप्त गर्न सकिनेछ।

थप जानकारिको आवश्यक भएमा कृषि /पशु सेवा शाखा,चुमनुव्री वा मोबाईल नं..................... मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

मनोज लामिछाने

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४

(परिच्छेद २ दफा ४,८,१२,१८,२२,२३,२४ को उपदफा (२) सँग सम्बन्धित

अनुदान निवेदन(ढाँचा)

मिती: ....................

श्रीमान् प्रमुख प्रशासकीय अभसिकृत ज्यू,
चुमनुव्री गाउँपालिका गाउँकार्यपालिकाको
कार्यालय सिर्दिवास, गोरखा ।

**विषयः कृषि तथा पशु सेवा कार्यक्रमको लागि अनुदान पाँउ भन्ने वारे ।**

प्रस्तुत विषयमा चुमनुव्री गाउँपालिकाको मिति.................. गते प्रकाशित सुचना अनुसार म/हामि ................................ ले गाउँपालिकाको सहयोगमा निम्नलिखित अनुदान कार्यक्रम सञ्चालनको लागि तोकीए बमोजिमका कागजातहरु संलग्न राखि यो दरखास्त पेश गरेको छु/छौ ।कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधी २०८३ र अन्य प्रचलित कानुन बमोजिमका शर्तहरु पालना गर्न मन्जुर छु/छौ ।

| क्र.स. | कार्यक्रमको नाम | विवरण | परिमाण | कै. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- कृषि सहकारी/समुह/फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।
- सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (लाभान्वित समुह सदस्यहरुको नाम र उक्त सदस्यहरुलाई आवश्यक वीउ परिमाण समेत उल्लेख गर्नुपर्नेछ) ।
- जग्गा धनी पूर्जा वा खेतीयोग्य जमिन रहेको अन्य प्रमाण ।

निवेदक
हस्ताक्षर..
नाम थर:
ठेगाना:
सम्पर्क नं.:
संस्थाको छाप

अनुसूची-५
(परिच्छेद २ दफा/उपदफा ५(४),६(३),१०(२),२५(१) सँग सम्बन्धित)
कृषि/ पशु तालिम कार्यक्रमको निवेदन(ढाँचा)

मिती: .....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू।
चुमनुव्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
सिर्दिवास, गोरखा।

**विषय: ....................................तालिममा सहभागी गराईदिने बारे ।**

चुमनुव्री गाउँपालिका कृषि विकास शाखाको आ.व. ८३/८४ को कृषि तालिमको लागी प्रकाशित सूचना अनुसार तोकिए बमोजिमका कागजपत्र सहित तालिममा सहभागी गराईदिन हुन यो निवेदन पेश गरेको छु/छौँ।

| क्र.स. | तालिमको नाम | समुह भए तालिममा सहभागी हुने कृषक संख्या | सो तालिम पहिले लिएको वा नलिएको | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**संलग्न कागजातहरु:**

- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुह/पशुपंक्षी फर्म दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
- कृषि सहकारी/समुहको हकमा कार्य समिति बैठकले कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि (तालिममा सहभागि हुने समुह सदस्यहरुको नाम उल्लेख गर्नुपर्नेछ)।

निवेदक
हस्ताक्षर..
नाम थर:
ठेगाना:
सम्पर्क नं.:
संस्थाको छाप

अनुसूची-६

(परिच्छेद २ दफा/उपदफा ५(४),६(३),१०(२),२५(१) र दफा ४,८,१२,१८,२२,२३,२४ को उपदफा (२) सँग सम्बन्धित

**कृषि तर्फका कार्यक्रको लागी अनुदान उपल्ध गराउने कार्यक्रममा सहभागि हुने कृषकको विवरण**

(क) कृषकको नाम -
(ख) स्थायी ठेगाना –
(ग) खेति गरिएको जम्मा क्षेत्रफल -
(घ) स्याउको क्षेत्रफल र संख्या -
(ङ) ओखरको क्षेत्रफल र संख्या -
(च) किवीको क्षेत्रफल र संख्या -
(छ) मकैको क्षेत्रफल -
(ज) तरकारी लगाएको क्षेत्रफल-
(झ) आलु वालिको क्षेत्रफल र उत्पादन -
(ञ) उवा जौ फाफरको क्षेत्रफल -
(ट) गहुँ लगाएको क्षेत्रफल-
(ठ) कोदोलगाएको क्षेत्रफल-
(ड) तोरी लगाएको क्षेत्रफल-

**पशु तर्फका कार्यक्रको लागी अनुदान उपल्ध गराउने कार्यक्रममा सहभागि हुने कृषकको विवरण**

(क) कृषकको नाम -
(ख) स्थायी ठेगाना –
(ग) जम्मा गाईको संख्या/गोठको अवस्था -
(घ) जम्मा भैसीको संख्या/गोठको अवस्था -
(ङ) जम्मा बाख्राको संख्या/गोठको अवस्था -
(च) जम्मा भेडाको संख्या/गोठको अवस्था -
(छ) जम्मा बङ्गुरको संख्या/गोठको अवस्था -
(ज) जम्मा कुकुरको संख्या/गोठको अवस्था -
(झ) जम्मा याक/नाकको संख्या/गोठको अवस्था -
(ञ) जम्मा कुखुराको संख्या/गोठको अवस्था –
(ट) घाँसको अवस्था

**संस्थाको हकमा** (कृषक समुह/कृषि सहकारि/समिति/कृषि तथा पशुपन्छी फर्म/कृषि तथा पशुपालन समिति)

(क) संस्थाको नाम –
(ख) ठेगाना –
(ग) संस्था गठन भएको मिति -
(घ) संस्थाको उद्धेश्य –

(ङ) मासिक वचत छ ( ) छैन ( )

(च) संस्था कार्यान्वयनको प्रमाण

(छ) (क) निर्णय ( ) (ख) नगद खाता ( ) (ग) वैँक खाताको विवरण ( ) (घ) दर्ता प्रमाणपत्र ( ) (ङ) अचल सम्पतिको स्वामित्वको प्रमाणपत्र ( )

(ज) संस्थाको सदस्य विवरण

| क्र.स. | सदस्यको नाम | स्थायी ठेगाना | पशुपन्छी संख्या | खेतियोग्य जमिन (रोपनी) | वालि | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची-७

(परिच्छेद २ दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

मौरिपालन व्यवसाय प्रवर्द्धन कार्यक्रमको सम्झौता-पत्र(नमूना)

१. यो सम्झौता पत्र गाउँपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र ........................... कृषि सहकारी/ कृषक समूह/ कृषि फर्म/ कृषक उद्यमी (यसपछि दोस्रो पक्ष भनिने) बीच मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि गरिएको छ।

२. यो सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौता भएको मितिले १५ दिनभित्र कार्य सुरु गर्नुपर्नेछ र सोही आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्नेछ।

४. दोस्रो पक्षले सञ्चालन गर्ने स्विकृत क्रियाकलापको कुल लागतमा प्रथम पक्षले ७०% अनुदान उपलब्ध गराउनेछ।

५. दोस्रो पक्षले प्राविधिकले दिएको निर्देशन अनुसार काम गर्नुपर्नेछ र प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा अनिवार्य रूपमा आवश्यक सहयोग गर्नुपर्नेछ।

६. दोस्रो पक्षको कारणबाट कार्यसम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्ष आफै हुनेछ।

७. कार्यक्रम कार्यान्वयनमा कुनै विवाद आएमा गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ।

८. कार्यसम्पन्न पश्चात् दोस्रो पक्षले प्राविधिक मूल्याङ्कन गराई अनिवार्य रुपमा बिल बिजक तथा कार्यसञ्चालनको फोटो पेश गरी सम्झौता भएको अनुदान रकम रु..............(अक्षरुपी..............) मा नबढ्ने गरी नियमानुसारको १.५ प्रतिशत अग्रिम कर कट्टी गरी दोस्रो पक्षलाई भुक्तानी दिइनेछ।

९. दोस्रो पक्षले काम गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

१०. यो सम्झौतामा उल्लेख भएका कुराहरू यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| **प्रथम पक्ष:** | **दोस्रो पक्ष:** |
|---|---|
| कार्यालय प्रमुखको हस्ताक्षर:<br>मिति: | कृषक उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको<br>नाम:<br>पद:<br>ठेगाना:<br>सम्पर्क नं.:<br>हस्ताक्षर:<br>मिति:<br>संस्थाको छाप: |